प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

**भिडियो डकुमेन्ट्री निर्माणका लागि सिलवन्दी प्रस्ताव पेश गर्ने वारेको सूचना**

**(प्रकाशित मितिः २०७६/११/२७ )**

यस मन्त्रालयको चालु आर्थिक वर्ष २०७६/०७७ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार मन्त्रालयको योजना तथा कार्यक्रमहरुको प्रचारप्रसार गर्न प्रदेशका १० वटा जिल्लामा संचालन भएका योजना तथा कार्यक्रमको भिडियो डकुमेन्ट्री निर्माण गर्ने गरी मिति २०७७ साल आषाढ मसान्त भित्र प्रदेश भरिको भिडियो डकुमेन्ट्री निर्माण गर्ने कार्यक्रम रहेको हुँदा इच्छुक टेलिभिजन,, फर्म, संस्था वा कम्पनीहरुले देहायका कागजातहरु संलग्न गरी यो सूचना प्रकासित भएको मितिले १५ (पन्ध्र) दिन (अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट) भित्र रु १००० को बैंक भौचर साथ् यस मन्त्रालयमा प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेस नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

नोट -१६ औ दिनको १ वजे प्रस्ताव खोलिनेछ ।उक्त दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट खोलिने छ ।

यसका लागि प्रस्तावको ढाँचा मन्त्रालयको वेबसाईट molmac.karnali.gov.np वाट पनि डाउनलोड गरि हेर्न सकिनेछ ।

आवश्यक कागजातहरुः

१. संस्था / फर्म दर्ता/नवीकरण प्रमाण पत्रको प्रतिलिपि ।
२. कर्णाली प्रदेशका १० वटै जिल्लाको प्रतिनिधित्व हुने गरि भिडियो डकुमेन्ट्री निर्माण गर्ने प्रस्तावना पत्र ।
३. गत आ. व. को संस्थाको लेखा परिक्षण भएको प्रतिवेदन प्रतिलिपि ।
४. मू.अ. कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
५. २०७५/०७६ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
६. तपशिल अनुसार जम्मा गरिएको रु १००० को भौचर
   क) बैंकको नाम - राष्ट्रिय बाणिज्य बैंक सुर्खेत
   ख) कार्यालयको नाम - प्रदेश लेखा नियन्त्रक कार्यालय सुर्खेत
   ग) कार्यालय कोड नम्बर ३१२००६८०१६
   घ) राजस्व शिर्षक नम्बर १४२२९
   ङ) राजस्व खाता (बैंक खाता नम्बर) १०००२०००१००००

(७) प्रस्तावना फाराम भर्नाका लागि आवश्यक पर्ने अन्य कागजातहरु ।

२०७६/११/२६

राजेन्द्र प्रसाद भारी
सचिव